# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, बैशाख १५ गते, २०८३ साल (अतिरिक्ताङ्क ९

## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## प्रदेश निजामती कर्मचारीको पोसाक सम्बन्धी कार्यविधि, २०८३

<u>प्रस्तावनाः</u> प्रदेश निजामती सेवाका कर्मचारीमा एकताको भावना जागृत गराउँदै, प्रदेश सरकारबाट हुने सेवा प्रवाह, विकास, व्यवस्थापन, सहजीकरण तथा नियमनका कार्यमा अनुशासित र उच्च मनोवल तथा छुट्टै पहिचानका साथ खटिन साथै प्रदेशको विशिष्ट सांस्कृतिक पहिचानलाई प्रवर्द्धन गर्दै स्थानीय घरेलु उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ५२ को कार्यान्वयनको लागि कर्मचारीको पोसाक सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम “प्रदेश निजामती कर्मचारीको पोसाक सम्बन्धी कार्यविधि, २०८३” रहनेछ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “कर्मचारी” भन्नाले प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २ को खण्ड (ङ) बमोजिमको कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम कोशी प्रदेशमा कामकाज गर्ने गरी नेपाल सरकारले कोशी प्रदेश अन्तर्गतको

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

कुनै निकायमा खटाएको कर्मचारी तथा प्रदेश अन्तर्गतका कुनै निकायमा प्रचलित कानून बमोजिम स्वीकृत दरबन्दीमा अस्थायी वा करार सेवामा कम्तिमा छ महिना भन्दाबढी अवधि कार्यरत कर्मचारीलाई समेत जनाउँदछ।

(ख) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ग) "पोसाक" भन्नाले दफा ३ को उपदफा (२) वा (३) बमोजिमको पोसाकलाई सम्झनु पर्छ।

(घ) "स्थानीय उत्पादन" भन्नाले परम्परागत श्रम, सीप, प्रविधि वा स्थानीय कच्चा पदार्थ प्रयोग गरी कोशी प्रदेशमा प्रचलित कानून बमोजिम स्थापित साना तथा मझौला उद्योग वा कलकारखानाबाट उत्पादित कपडा सम्झनु पर्छ।

३. <u>कर्मचारीको पोसाक सम्बन्धि व्यवस्थाः</u> (१) कर्मचारीले सरकारी काममा खटिँदा नेपाल सरकारबाट तोकिए बमोजिमको रङ्ग र किसिमको निजामती पोसाक लगाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले सरकारी काममा खटिँदा हप्ताको दुई दिन बुधबार र शुक्रबार देहाय बमोजिमको पोसाक लगाउनु पर्नेछः-

(क) पुरुष कर्मचारीको पोसाक देहाय बमोजिम हुनेछः-

(१) स्थानीय उत्पादन प्रयोग भएको दौरा, सुरुवाल, कोट वा ब्लेजर वा स्टकोट, ढाका टोपी र टयूनिक अनुसारको जुत्ता, वा

(२) नेपाल सरकारले तोके बमोजिमको गाढा नीलो रङ्गको पाइन्ट, सेतो सर्ट वा स्थानीय उत्पादन प्रयोग भएको सर्ट, स्थानीय उत्पादन प्रयोग भएको कोट वा ब्लेजर वा स्टकोट र टयूनिक अनुसारको जुत्ता।

(ख) महिला कर्मचारीको पोसाक देहाय बमोजिम हुनेछः-

(१) खण्ड (क) को उपखण्ड (२) बमोजिमको पोसाक, वा

(२) स्थानीय उत्पादन प्रयोग भएको सारी, व्लाउज वा कुर्ता सलवार र टयूनिक अनुसारको जुत्ता वा स्यान्डल।

(३) कर्मचारीले सरकारी काममा खटिंदा वा कार्यालयमा उपस्थित भई काम गर्दा प्रत्येक हप्ताको एक दिन शुक्रबार उपदफा (२)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

बमोजिम तोकिएको पोसाकको सट्टा स्थानीय उत्पादन प्रयोग भएको स्थानीय साँस्कृतिक पहिचान झल्कने पोसाक लगाउन सक्ने छन्।

(४) आफ्नो कूलधर्म, परम्परा तथा संस्कृति अनुसार आसौच वार्नु पर्ने कर्मचारीले त्यस्तो आसौच वार्नु पर्ने अवधिभर सरकारी काममा खटिँदा यस दफा बमोजिम तोकिएको पोसाक लगाउन बाध्य हुने छैन।

(५) उपदफा (२) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनले तोके बमोजिमको छुट्टै पोसाक लगाउनु पर्ने कर्मचारीले त्यस्तो पोसाक लगाउन बाधा पर्ने छैन।

४. <u>पोसाक सम्बन्धी अन्य व्यवस्थाः</u> कर्मचारीले यस कार्यविधि बमोजिम लगाउनु पर्ने पोसाक देहाय बमोजिम हुनु पर्नेछः-

(क) राष्ट्रिय तथा सांस्कृतिक पहिचान झल्किने स्थानीय उत्पादन प्रयोग भएको,

(ख) मर्यादित, सफा र औपचारिक देखिने हुनु पर्नेछ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ग) अत्यधिक चम्किला वा अनौपचारिक डिजाइन नभएको हुनु पर्नेछ,

(घ) कार्यक्रमको प्रोटोकल वा ड्रेस कोड भए सोही अनुसारको पोसाक लगाउनु पर्नेछ।

(ङ) हिमाली क्षेत्र एवं अत्यधिक चिसो हुने समयमा स्थानीय उत्पादन प्रयोग भएको ओभरकोट वा ज्याकेट वा स्वेटर तथा कपडाको जुत्ता प्रयोग गर्न सकिने छ।

५. बजेट सम्बन्धी व्यवस्थाः (१) दफा ३ को उपदफा (२) बमोजिमको पोसाक खरिद गर्न प्रोत्साहन स्वरुप कर्मचारीलाई प्रत्येक वर्षको चैत्र महिनामा नेपाल सरकारले तोके बमोजिमको पोसाक भत्ताको अतिरिक्त प्रदेश सरकारले थप पाँच हजार पाँच सय रुपैयाँ पोसाक भत्ता प्रदान गर्नेछ।

तर आर्थिक वर्ष २०८२/८३ को हकमा मिति २०८३ असार पन्ध्र गतेसम्म पोसाक भत्ता प्रदान गर्न बाधा पर्ने छैन।

(२) यस कार्यविधि बमोजिम कर्मचारीलाई प्रदान गरिने पोसाक भत्ताको लागि आवश्यक रकम सम्बन्धित कार्यालयले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा प्रस्ताव गर्नु पर्नेछ।

(३) आर्थिक वर्ष २०८२।८३ मा कर्मचारीलाई उपलब्ध गराइने पोसाक भत्ताका लागि आवश्यक बजेटको व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ।

६. <u>अनुगमन, निरीक्षण र कारवाही सम्बन्धी व्यवस्थाः</u> (१) यस कार्यविधि बमोजिम पोसाक भत्ता लिने कर्मचारीले तोकिएको पोसाक प्रयोग गरे नगरेको सम्बन्धमा कार्यालय प्रमुखले नियमित अनुगमन निरीक्षण गरी तोकिएको पोसाक नलगाउने कर्मचारीको अभिलेख राख्नु पर्नेछ।

(२) कर्मचारीले तोकिएको पोसाक प्रयोग गरे नगरेको सम्बन्धमा एवम् उपदफा (१) बमोजिम कार्यालय प्रमुखले अनुगमन र निरीक्षण गरी अभिलेख राखे नराखेको सम्बन्धमा सम्बन्धित मन्त्रालय एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियमित तथा आकस्मिक अनुगमन एवम् निरीक्षण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा दफा ३ को उपदफा (४) को अवस्थामा बाहेक तोकिएको पोसाक प्रयोग नगर्ने कर्मचारीलाई अख्तियारवालाले सचेत गराउने छ।

(४) उपदफा (३) बमोजिम सचेत गराईएको कर्मचारीले पटक पटक तोकिएको पोसाक लगाएको नपाईएमा त्यस्तो कर्मचारीबाट यस कार्यविधि बमोजिम प्रदान गरिएको पोसाक भत्ता असुल गर्ने र निजलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

७. <u>बाधा अड्काउ फुकाउने अधिकार:</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा वा कुनै कर्मचारीले प्रयोग गरेको पोसाक स्थानीय उत्पादनको हो वा होईन भन्ने प्रश्न उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्णय गरे बमोजिम हुनेछ।

प्रमाणीकरण मितिः- २०८३/०१/१५

आज्ञाले,
नारायण प्रसाद रिसाल
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश



कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
**Website: moial.koshi.gov.np**